आज मिति २०७६ साल चैत्र १७ गते सोमवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | अनुस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: कोरोना भाइरस विरुद्धको हालसम्मको कृयाकलाप सम्बन्धी समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: प्रत्येक वडामा क्वारेन्टाइन स्थल निर्माण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३: राहत प्याकेज वितरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: घर भाडा तथा घर बहाल कर छुट दिने सम्बन्धमा ।
प्रस्ताव नं.५: स्प्रे मेशिन खरिद तथा क्लोरिन छर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: कोरोना भाइरस विरुद्धको अभियानको लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: राहत वितरण कार्यमा समन्वय गर्ने/गराउने सम्बन्धमा ।
प्रस्ताव नं.८: धन्यवाद ज्ञापन सम्बन्धमा ।
प्रस्ताव नं.९: शोक प्रस्ताव (जनप्रतिनिधि) सम्बन्धमा ।
प्रस्ताव नं.१०: शोक प्रस्ताव (कर्मचारी) सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा विश्वभर नै महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को प्रकोपको प्रतिकार्य काममा हालसम्म यस नगरपालिकाद्वारा गरिएका विभिन्न क्रियाकलापहरुको वृहत रुपमा समिक्षा गरी यसको संक्रमण फैलिन नदिन थप क्रियाकलापहरु प्रभावकारी रुपमा अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा सम्पूर्ण वडाका वडा अध्यक्षज्यूहरु र कार्यकारीणी सदस्यज्यूहरुबाट प्रस्तुत हुन आएका आ-आफ्नो वडाहरुको कोरोना विरुद्धको अभियानमा भएका क्रियाकलापहरुको समिक्षा गरियो । कोरोना भाइरसको संक्रमण फैलिन नदिन एवं यसको रोकथाम र निराकरण गर्ने कार्यका लागि आवश्यक प्रचार प्रसार गर्नुका साथसाथै सबै वडाहरुमा न्यूनतम ५ (पाँच) वेडको क्वारेन्टाइन स्थल निर्माण गर्न आवश्यक प्रबन्ध मिलाउने साथै विदेशबाट आएका व्यक्तिहरु र उनीहरुको संसर्गमा रहेका घर परिवारहरुको निगरानी गरी क्वारेन्टाइनमा राख्ने र उपचारको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा कोरोना भाइरसका कारण नेपाल सरकारले गरेको लकडाउनबाट प्रभावित ज्येष्ठ नागरिक आश्रम, क्वारेन्टाइनमा बसेका व्यक्तिहरु, सडक बालबालिकाहरु, दैनिक ज्यालामा काम गर्ने मजदुर र अति विपन्न वर्गका घरपरिवारहरुलाई राहत वितरण गर्न प्रत्येक वडा कार्यालयहरुबाट टोल संस्थाको सहयोगमा तथ्याङ्क संकलन र सोको पहिचान एवं एकिन गरी सिफारिस गरिएको आधारमा राहत प्याकेज वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा कोरोना भाइरसका कारण नेपाल सरकारले गरेको लकडाउनबाट सम्पूर्ण व्यवसायीहरु प्रभावित भइरहेको परिप्रेक्ष्यमा यस व्यास नगरपालिकाको पसल कवल भाडामा लिई सञ्चालन गर्ने व्यवसायीहरुको २०७६ चैत्र महिनाको सम्पूर्ण भाडा छुट गरिदिने साथै अन्य संघ/संस्था तथा व्यक्तिहरुको घर भाडामा लिई बसेका व्यक्ति तथा संघ/संस्थाहरुको घर भाडामा छुट दिएमा सो अवधिको यस नगरपालिकालाई तिर्नुपर्ने घर बहाल कर वापतको कर समेत छुट दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण बढ्न नदिन साथै यसको रोकथाम र निराकरणका लागि सबै वडाहरुमा किटाणु रहित वातावरण निर्माण गर्ने उद्देश्यका साथ क्लोरिन छर्ने व्यवस्था मिलाउने साथै सो कार्यका लागि तत्कालै प्रत्येक वडालाई ४/४ ( चार/चार) वटा स्प्रे मेशिन खरिद गरी उपलब्ध गराउन यथाशिघ्र खरिद गर्ने कार्य प्रकृया अपनाउने गरी खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा कोरोना भाइरस (कोभिड-१९) संक्रमण बढ्न नदिन एवं त्यसको रोकथाम र निराकरणको लागि यसको कारण प्रत्यक्ष रुपमा प्रभावित घरपरिवारहरुलाई राहत वितरण लगायत अन्य औषधी तथा यससँग सम्बन्धित सामाग्रीहरु व्यवस्थापनका लागि हाललाई रू.२५,००,०००।- (पच्चीस लाख) बजेट विनियोजन गर्ने निर्णय गरियो । साथै वडाहरुबाट प्राप्त राहत

दिनुपर्ने विवरणका आधारमा राहत वितरण गर्नुपर्ने आवश्यक रकम पछि बैठकबाट अनुमोदन गर्ने गरी बढीमा रू.२५,००,०००।- (पच्चीस लाख) सम्म नगर प्रमुखले निर्णय गर्ने अधिकार प्रत्यायोजित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा कोरोना भाइरस (कोभिड-१९) का कारण सरकारले गरेको लकडाउनबाट प्रभावित यस नगरपालिका क्षेत्रभित्रका विपन्न घरपरिवारहरुलाई कुनै प्रकारको राहत सामाग्री वितरण गर्न चाहने व्यक्ति तथा संघ/संस्थाहरुले यस नगरपालिकासँग समन्वय गरेर मात्र राहत सामाग्रीहरु वितरण गर्न सम्बन्धित सबैलाई सूचित गर्ने र सोको आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो । राहत वितरण कार्यविधि यसैमा संलग्न गरिएको छ ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको कोरोना विरुद्धको अभियानमा क्यारेन्टाइन निर्माण गर्न सहयोग गर्नुहुने नेपाली सेनाका कालिभञ्ज्याङ्ग गण चापाघाट, शान्ति सुरक्षामा सहयोग पुऱ्याउनु हुने जिल्ला प्रहरी कार्यालय तनहुँ परिवार, स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउनु हुने दमौली अस्पताल लगायत दमौली स्थित नीजि अस्पताल, नगद सहयोग गर्नुहुने पूर्व मन्त्री श्री अमरराज कैनी, समाजसेवी श्री बुद्धिकुमार वतास, प्रचार-प्रसारमा सहयोग गर्नुहुने उद्योग वाणिज्य संघ दमौली बजार इकाई, सञ्चार कर्मी लगायत नगरपालिकाका स्वास्थ्य कर्मी, सुरक्षा कर्मी, सरसफाई अन्तर्गतका कर्मचारी, चालकलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका निर्वाचित प्रतिनिधि एवं जिल्ला समन्वय समिति, तनहुँका प्रमुख श्री शान्तिरमण वाग्लेज्यूको ममतामयी माता श्री लिला कुमारी वाग्लेको मिति २०७६ चैत्र १५ गते देहावसान भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जलीका साथ शोक सन्तप्त परिवार प्रति समवेदन व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारी श्री हरी तिवारीका पिता श्री विजुलीप्रसाद तिवारीको मिति २०७६/१२/१५ गते दुःखद निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदन व्यक्त गर्ने निर्णय गरियो ।

# राहत सामग्री वितरण कार्यविधि २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।१२।१७

**प्रस्तावना:** विश्व महामारीको रुपमा फैलिएको COVID 19 (कोरोना भाइरस) बाट नेपाल पनि प्रभावित हुन पुगेको छ । यस महा विपत्तिको संक्रमणबाट उत्पन्न खतराप्रति नागरिकहरुलाई सचेत गराउँदै यसबाट उन्मुक्ति पाउनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट हर सम्भव प्रयासहरु भइरहेका छन् । यस किसिमको महामारी फैलिएका विश्वका सबै मुलुक सहित हाम्रो देश नेपाल पनि ११ चैत्र २०७६ देखि लक डाउनको अवस्थामा छ । यस विषम परिस्थितिमा दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि राहत वितरण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “राहत सामग्री वितरण कार्यविधि २०७६” रहेको छ ।

(२) यो कार्यविधि प्रमाणीकरण भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यविधि” भन्नाले व्यास नगरपालिकाको राहत सामग्री वितरण कार्यविधि, २०७६ सम्झनुपर्छ ।

(ख) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ग) “नगर कार्यपालिका” भन्नाले व्यास नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(घ) “प्रमुख”भन्नाले व्यास नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ङ) “उपप्रमुख” भन्नाले व्यास नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(छ.) “वडा कार्यालय” भन्नाले व्यास नगरपालिकाका वडा कार्यालयहरु सम्झनुपर्छ ।

(ज) “टोल विकास संस्था” भन्नाले व्यास नगरपालिकाद्वारा वडा मातहत गठन भएका टोल विकास संस्था सम्झनुपर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य COVID 19 (कोरोना भाइरस) को नियन्त्रणका लागि व्यास नगरपालिका क्षेत्रभित्र दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि व्यवस्थित तवरले राहत वितरण गर्नु रहेकोछ ।

४. **राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिः** (१) व्यास नगरपालिका क्षेत्रमा राहत वितरण कार्यको समन्वय गर्न देहाय अनुसारको राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समिति रहनेछः

(क) नगर प्रमुख -अध्यक्ष

(ख) उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(ङ) विपद् व्यवस्थापन समितिका संयोजक –सदस्य

(च) विपद् व्यवस्थापन समितिका सचिव -सदस्य सचिव

–आवश्यक परेमा अन्य सम्बन्धित कार्यकारीणी सदस्य र सम्बद्ध क्षेत्रका व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

५. **राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिको काम, कर्तव्य र अधिकारः**

(क) प्रभावित अति विपन्न र अशक्त परिवारहरुका लगत वडा मार्फत संकलन गर्ने ।

(ख) परिस्थिति र आवश्यकता अनुसार राहतको मात्रा (प्याकेज) तय गर्ने ।

(ग) राहत सामग्री वितरण एवं व्यवस्थापनको जिम्मेवारी तोक्ने ।

(घ) राहत सामग्री वितरण एवं व्यवस्थापनको अनुगमन गर्ने वा गराउने ।

(ङ) राहत सामग्री वितरणका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।

(च) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

६. **राहत संकलन तथा वितरण व्यवस्थापनः** (१) नगरस्तरमा राहत सहयोग संकलन तथा वितरण कार्य नगर समन्वय समितिबाट तय भए बमोजिम हुनेछ ।

(२) वडास्तरमा राहत संकलन तथा वितरणका लागि सम्बन्धित वडाको वडा अध्यक्षले संयोजन गर्ने गरी देहाय बमोजिम गरिनेछः-

(क) आफ्नो वडाभित्र रहेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका र लक डाउनको कारण दैनिक ज्यालादारी काम गर्न नपाएकोले दैनिक जीवनयापन

गर्न कठिनाई भएका घर परिवारको विवरण टोल विकास संस्था मार्फत अनुसूची १ बमोजिमको निवेदन लिई संकलन गर्ने ।

(ख) टोल विकास संस्था मार्फत प्राप्त विवरणलाई वडा अध्यक्षले एकीन गरी प्रमाणित गर्ने ।

(ग) अति अशक्त, अपाङ्ग, दृष्टिविहिन लगायत सामुहिक रुपमा आवास व्यवस्था मिलाई खानपिनको व्यवस्था गरेका संघ संस्थाहरु र तिनले हाल उक्त सेवा प्रदान गरिरहेका व्यक्तिहरुको विवरण संघ संस्था मार्फत लिने ।

(घ) सहयोग गर्न चाहने दाताहरुसँग समन्वय गर्ने र उनीहरुले सहयोग गर्न चाहेको नगद वा जिन्सी संकलन गर्ने र सोको परिमाण सहित विवरण राख्ने ।

(ङ) खण्ड (ख) बमोजिम वडा अध्यक्षले प्रमाणित गरेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरेका र हाल दैनिक गुजारा चलाउन कठिनाई परी सहयोग चाहिने ४ जनासम्मको परिवारलाई १२ के.जी. चामल (प्रति व्यक्ति ३ के.जी. पर्ने गरी) दुई के.जी. दाल, १ लिटर खाने तेल र १ के.जी. नुन र २ वटा साबुन राहत प्याकेज टोल विकास संस्था मार्फत सम्बन्धित परिवारको घरमै पुऱ्याई अनुसूची २ बमोजिमको ढाँचामा भरपाई गराई बुझाउने व्यवस्था मिलाउने । ४ जना भन्दा बढी परिवार संख्या हुनेको हकमा प्रति व्यक्ति ३ के.जी थप चामल उपलब्ध गराइनेछ ।

(च) खण्ड (ग) बमोजिमका असहाय संघ संस्थामा सहयोग गर्नुपर्ने अवस्था भए वडा समितिले एकीन गरी प्रति व्यक्ति ३ के.जी. का दरले चामल र प्रति १० जना बराबर २ के.जी. का दरले दाल र प्रति १० जना १ लि. का दरले खाने तेल उपलब्ध गराउने ।

(छ) वडा तहमा राहत संकलन तथा वितरण कार्यको समन्वय तथा सहजीकरण गर्ने कार्य विपद् व्यवस्थापन ऐनको दफा ६ बमोजिम गठित वडा स्तरीय विपद् व्यवस्थापन समितिको बैठक राखी प्रारम्भ गर्ने । राहत वितरण वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य र सम्बन्धित टोल विकास संस्थाको अध्यक्ष वा पदाधिकारीको रोहवरमा गर्ने गरी व्यवस्था मिलाउने ।

(ज) राहत वितरणका लागि कम्तीमा एक जना सुरक्षाकर्मी सहित तीन जनाको टिम परिचालन गर्ने ।

(झ) राहत वितरणमा खटिनेले कम्तीमा १ मीटरको SOCIAL DISTANCE सहित सुरक्षा सम्बन्धी आवश्यक सावधानी अपनाउने ।

(ञ) वितरण प्रणाली पूर्णत भिडभाड रहित ढंगले व्यवस्थापन गर्ने ।

(ट) खण्ड (घ) बमोजिम संकलित राहत सहयोग र नगरपालिकाबाट विनियोजित रकमबाट खरीद भएको सामान ले वडामा राहत वितरण गर्दा अपुग भएमा र छिमेकी वडामा बचत भएको भएमा छिमेकी वडासँग समन्वय गरी अभिलेख राखी सहयोग लिने र आफूसँग बचत भएमा र छिमेकी वडालाई अपुग भएमा अभिलेख राखी छिमेकी वडालाई उपलब्ध गराउने ।

(ठ) सहयोग प्रदान गर्ने दाताहरुको विवरण तथा राहत सहयोग पाउने टोल समेत खुल्ने गरी परिवार वा संघ संस्थाको विवरण वडा सचिवले तयार गरी वडा अध्यक्षले प्रमाणित गरी एक प्रति वडामा राखी १ प्रति नगरपालिकामा पठाउने । राहत सहयोग गर्ने र राहत लिनेहरुको नामावली वडाले आ-

आफ्नो वडामा सार्वजनिक गर्ने र नगरबाट सबै वडाबाट राहत वितरण भएको विवरण सार्वजनिक गर्ने ।

(ड) वडामा पठाइएको सहयोगले वडामा राहत वितरण गर्न अपुग भएमा नगर समन्वय समितिसँग समन्वय गरी आवश्यक व्यवस्थापन गर्ने ।

(ढ) सहयोग दाताले वडाबाट संकलित सहयोग लिन योग्य विवरण अनुसारको व्यक्तिहरुलाई वितरण गर्न चाहेमा नगरपालिकामा सहयोगको अभिलेख राखी सम्बन्धित वडा, टोल विकास संस्थाको समन्वयमा दाताको रोहवरमा वितरण गरिनेछ ।

७. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार तथा अन्य कुराहरु नगरपालिकाको प्रचलित कानून अनुसार हुनेछन् ।

८. यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।

९. कोरोना भाइरसको महामारी अन्त्य भएपछि यो कार्यविधि स्वत निष्कृय हुँनेछ ।

अनुसूची १

(कार्यविधिको दफा ६ को उपदफा (२) को खण्ड (क) बमोजिम)

| सम्भव भएमा फोटो टाँस्ने |
|---|

**श्रीमान् अध्यक्षज्यू**
.................... टोल विकास संस्था,
व्यास नगरपालिका, दमौली, तनहुँ

***बिषय : राहत उपलब्ध गराई दिने सम्बन्धमा ।***

महोदय,

उपरोक्त सम्बन्धमा म श्री ......................... .......... ........ .... ....................... को छोरा/छोरी ..................................... यस व्यास नगरपालिकामा बसोवास गरिरहेको छु । म बिगत ........ बर्ष देखि ..................... काम गर्दै आएको छु । हाल बिश्वका बिभिन्न देशहरुमा द्रुत गतिमा फैलिरहेको नोभल कोरोना भाइरस (कोभिड- १९) महामारीको संक्रमणबाट बच्न, न्यूनीकरण गर्न र नगर क्षेत्रभित्र फैलन नदिन नेपाल सरकार तथा व्यास नगरपालिकाको निर्णयानुसार लकडाउनको समयमा मेरो दैनिक ज्याला/मजदुरी ठप्प भएको र म लगायत मेरो ............ जना परिवारको दैनिक गुजाराका लागि खर्च जुटाउन मुस्किल परेकोले नियमानुसार राहत उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

| निवेदक श्री.................................ले पेश गरेको निवेदन अनुसारको व्यहोरा सही सांचो हो । उक्त परिवारको दैनिक खानपानका लागि आवश्यक नियमानुसारको राहत सामाग्री उपलब्ध गराई दिनुहुन सिफारिस साथ अनुरोध गर्दछु ।<br>हस्ताक्षर :..........................<br>नाम थर :............................................<br>पद :..................................................<br>टोल विकास संस्था :....................................<br>सम्पर्क नं :....................................... |
|---|

*निवेदक:*

नाम थरः ............................

हस्ताक्षरः ............................

वडा नं.: ............................

टोलः .................................

पेशाः .................................

परिचय खुल्ने कागजः

सम्पर्क नं. .........................

नागरिकता नं र जारी जिल्ला :......

मिति :२०७ .... /..... / .....

अनुसूची २

(कार्यविधिको दफा ६ को उपदफा (२) को खण्ड (ङ) बमोजिम)

# राहत सामाग्री बुझेको भरपाई

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणको रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारले २०७६।१२।११ देखि लागु हुने गरी देशभर लकडाउन गर्ने गरी गरेको निर्णयका कारण दैनिक ज्यालादारी गरी परिवारको पालन पोषण गर्न मैले ज्यालादारीको काम गर्न नपाएकोले मेरो परिवारको भरणपोषणका लागि व्यास नगरपालिकाले जारी गरेको कार्यविधि बमोजिम वडा समितिबाट उपलब्ध गराएको देहाय बमोजिम राहत सामाग्री बुझिलिई यो भरपाई गरिदिए ।

राहत सामाग्री बुझ्नेको नाम, थरः
लकडाउन अघि गर्ने गरेको कामः
स्थायी ठेगानाः
हाल बसोवास गरेको ठेगानाः वडा नम्बर ... टोलको नामः
बुझेको राहत सामाग्रीहरुः

| | | | |
|---|---|---|---|
| -चामल | के.जी. | -दाल | के.जी. |
| -नुन | के.जी. | -खानेतेल | ली. |

रोहवर
वडा अध्यक्ष वा सदस्य श्री
टोल विकास समितिका अध्यक्ष वा सदस्य श्री

राहत सामाग्री बुझ्नेको सहिछापः
मितिः

प्रमाणीकरण मितिः

आज्ञाले
प्रमुख प्रसासकीय अधिकृत